# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७९/८०
च.नं. :- ४८

मिति :- २०७९/०५/१९

**विषय: प्रतियोगितामा विद्यार्थी सहभागी गराउने बारे।**

श्री विद्यालयहरु सबै,
धनगढी उपमहानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा तपसिलको स्थान र मितिमा सञ्चालन हुने अन्तर विद्यालयस्तरीय प्रतियोगितात्मक क्रियाकलापहरुमा विद्यार्थी सहभागी गराउन ईच्छुक विद्यालयहरुले प्रतियोगिता सञ्चालन हुनु भन्दा १ दिन अगाडी विद्यार्थीको नामा दर्ता गराई प्रतियोगिता सञ्चालन हुने दिन तोकिएको समयभित्रै विद्यार्थी उपस्थित गराउनु हुन अनुरोध छ। विद्यार्थीको नाम दर्ता गराउँदा एउटा विद्यालयबाट एउटा प्रतियोगिताका लागि १ जनाको अनुपातमा बढीमा २ प्रतियोगिताका लागि २ जनाको नाम मात्र दर्ता गराउनु हुन समेत जानकारीका लागि अनुरोध छ।

नरेन्द्र बहादुर खाती
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

| स्थान | मिति | प्रतियोगिता | शिर्षक | कक्षा |
|---|---|---|---|---|
| पञ्चोदय मावि, धनगढी-५, हसनपुरमा वडा नं. १ देखि १३ का विद्यालय | २०७९ भाद्र २३ गते विहान ११ बजेदेखि | वक्तृत्वकला | मेरो जीवनमा पढाईले ल्याएको परिवर्तन | कक्षा ११-१२ |
| | | वादविवाद | पढेर भन्दा परेर जानिन्छ | कक्षा ९-१० |
| | | कविता | मेरो कक्षाकोठा | कक्षा ६-८ |
| | | चित्रकला | हाम्रो विद्यालय, राम्रो विद्यालय | कक्षा ४-५ |
| फुलबारी मावि, धनगढी-१९, फुलबारीमा वडा नं. १४, १८ र १९ का विद्यालय | २०७९ भाद्र २९ गते विहान ११ बजे देखि | वक्तृत्वकला | बाल हिंसा र रोकथामका उपायहरु | कक्षा ११-१२ |
| | | वादविवाद | बालबालिकाले मोबाइलको प्रयोग गर्न हुन्छ कि हुँदैन ? | कक्षा ९-१० |
| | | कविता | म एउटा बालक | कक्षा ६-८ |
| | | चित्रकला | हाम्रो गाउँ, राम्रो गाउँ | कक्षा ४-५ |
| बेहडा बाबा मावि, धनगढी-१६ घँसिटामा वडा नं. १५ देखि १७ का विद्यालय | २०७९ असोज ३ गते विहान ११ बजे देखि | वक्तृत्वकला | नेपालको संविधानले ल्याएको परिवर्तन | कक्षा ११-१२ |
| | | वादविवाद | वैदेशिक रोजगार भन्दा स्वदेशमै पसिना बगाउनु उत्तम | कक्षा ९-१० |
| | | कविता | हाम्रो संविधान | कक्षा ६-८ |
| | | चित्रकला | हाम्रो कक्षाकोठा | कक्षा ४-५ |

प्रतियोगितामा विद्यार्थीले प्राप्त गर्ने स्थान र स्थान बमोजिमको नगद पुरस्कार राशी

| | वक्तृत्वकला | वादविवाद | कविता | चित्रकला |
|---|---|---|---|---|
| प्रथम १ जना | २००० | २००० | १५०० | १५०० |
| द्वितीय १ जना | १८०० | १८०० | १३०० | १३०० |
| तृतीय १ जना | १६०० | १६०० | ११०० | ११०० |
| सान्त्वना २ जना | १४०० | १४०० | १००० | १००० |

**पुनश्चः**

१. सहभागी विद्यार्थीको नाम दर्ताका लागि श्री केशब राज खत्री (9843445875) संग कार्यालय समयमा कुरा गर्न सकिनेछ।
२. सहभागी विद्यार्थीले प्राप्त गरेको स्थान अनुसारको पुरस्कारमा लाग्ने करकट्टी गरी बाँकी हुन आउने रकम र प्रमाण पत्र सम्बन्धित विद्यालय मार्फत पछि उपलब्ध गराईनेछ।